नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

(जग्गा प्रशासन शाखा)


| | |
|---|---|
| फ्याकस: | ४२३०५८५ |
| महानिर्देशक: | ४२२३०४९ |
| निर्देशक प्रशासन: | ४२२५९८२ |
| निर्देशक योजना: | ४२२६९८८ |
| आ.प्र.शाखा: | ४२६६४९३ |
| क.प्र.शाखा: | ४२६६४९३ |
| सा.प्र.शाखा: | ४२६६४९३ |
| पि.ए. | ४२२००२८ |

बबरमहल, काठमाडौं ।


पत्र संख्या:- ०६५।०६६।४२९।१०२६।७७९
चलानी नं.:- ७५८८

मिति:-२०६५।८।२९

विषय:- घर, घर-जग्गा र मोटरको खरिदमा आयस्रोत खुलाउने बारे ।

श्री मालपोत कार्यालय,
सबै ।

आर्थिक वर्ष २०६५।६६ को बजेट वक्तव्यको बुँदा नं.२६६ को (ङ) मा "घर, जग्गा तथा मोटरको निश्चित सीमा भन्दा बढीको खरिदमा आयस्रोत खुलाउनु पर्ने व्यवस्था गरेको छु" भन्ने उल्लेख भएकोमा सो नीतिगत व्यवस्था कार्यान्वयन गर्न यातायात व्यवस्था विभाग, भूमिसुधार तथा व्यवस्थापन विभागका पदाधिकारीहरु र निजी क्षेत्रहरुसंग समेत छलफल गरी उल्लेखित व्यवस्था कार्यान्वयनको लागि निश्चित सीमा भन्दा बढीको जग्गा, घर-जग्गा तथा मोटरको खरिदमा आयस्रोत खुलाउनु पर्ने कार्यविधि, २०६५ तयार गरी निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएकोमा "मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी समितिको निर्णय वमोजिम गर्ने" मिति २०६५।८।१८ मा मन्त्रिपरिषद्बाट निर्णय भई उक्त समितिबाट जग्गा खरिदको लागि तीस लाख, घर-जग्गा खरिदको लागि पचास लाख र मोटर खरिदको लागि बीस लाख भन्दा बढीको खरिदमा आयस्रोत खुलाउनु पर्ने गरी "जग्गा, घर-जग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनु पर्ने व्यवस्था सम्बन्धि कार्यविधि, २०६५ मिति २०६५ पुष १ गते देखि लागू गर्ने भनी मिति २०६५।८।२० मा निर्णय भई आएकोले उक्त निर्णय कार्यान्वयन गर्न गराउन मन्त्रिपरिषद्बाट भएको निर्णय र कार्यविधि सहितको विवरणको छायाँकपी यसै साथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु भनि अर्थ मन्त्रालय (राजस्व महाशाखा) को प.सं. विविध ५।०६५।६६ च.नं.५३८ मिति २०६५।८।२५ को पत्र बाट लेखि आएको र सोही सन्दर्भमा निर्धारित मिति देखि उक्त निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प.सं.१।२०।०६५।६६ च.नं.४३१ मिति ०६५।८।२९ को पत्रबाट समेत लेखि आएकोले लेखि आए वमोजिम उक्त निर्णय कार्यान्वयन गर्नु गराउनु हुन प्राप्त कार्यविधि र विवरण फाराम समेत पाना ४(चार) यसैसाथ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थ:-
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय,
सिंहदरबार ।

२०६५।८।२९
(चन्द्र प्रकाश गिरी)
उप-सचिव

Jagga letter pad 065

# जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनुपर्ने व्यवस्थासम्बन्धी कार्यविधि, २०६५

आर्थिक बर्ष २०६५।६६ को बजेट वक्तव्यको बुँदा नं. २६६(ड) मा उल्लेखित घर जग्गा तथा मोटरको निश्चित सीमा भन्दा बढीको खरिदमा आयस्रोत खुलाउनुपर्ने व्यवस्था बमोजिम सोको सहज कार्यान्वयन गर्न गराउन निम्न बमोजिम कार्यविधि अपनाउने :

## जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धी कार्यविधि

"आर्थिक बर्ष २०६५।०६६ को बजेट बक्तव्यको बुँदा नं. २६६(ड) मा घर, जग्गा तथा मोटरको निश्चित सीमा भन्दा बढीको खरिदमा आयस्रोत खुलाउनुपर्ने व्यवस्था गरेको छ" भन्ने उल्लेख छ । सो सम्बन्धमा बजेट वक्तव्यमा नै निश्चित सीमा भन्दा बढीको भन्ने शब्द प्रयोग भएको र प्रशासनिक सहजता तथा राजस्व संकलन एवं जोखिमको सम्भावनालाई समेत दृष्टिगत गरी सोको कार्यान्वयनको लागि निम्न बमोजिमको कार्यविधि अवलम्वन गर्नुपर्ने देखिन्छ :

- जग्गा, घरजग्गा खरिदमा आयस्रोत खुलाउनुपर्ने व्यवस्था यस बर्षको लागि महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र त्यस्ता क्षेत्रसंग जोडिएका सबै गा.वि.स.हरु र काठमाडौं उपत्यका बाहिरको हकमा सबै उपमहानगरपालिका र नगरपालिका क्षेत्रमा रु. ~~२५~~ तीस लाख भन्दा बढी मूल्यको जग्गा र रु.५० लाख भन्दा बढी मूल्यको घरजग्गा खरिद गर्दा आयस्रोत खुलाउनुपर्ने व्यवस्था गर्ने ।
- नेपाल भित्र दर्ता हुने रु. ~~पन्ध्र~~ बिस लाख भन्दा बढी मूल्यको सवारी साधन खरिद गरी यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दा आयस्रोत खुलाउनु पर्ने व्यवस्था गर्ने ।

### आयस्रोत खुलाउनु नपर्ने निकाय तथा संस्थाहरु

सवारी साधन खरिदको सम्बन्धमा संबैधानिक अङ्गहरु, सरकारी निकायहरु, सरकारी स्वामित्व भएका निकाय, कुटनीतिक नियोग, स्थानीय निकायहरु, विश्वविद्यालयहरु र सवारी साधन (मोटर) उत्पादन तथा आयात गरी बिक्री गर्ने व्यवसायिक कम्पनीहरुलाई सवारी साधन खरिद बिक्री गर्दा स्रोत खुलाउनु नपर्ने साथै नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्णय गरी स्रोत खुलाउन नपर्ने गरी अन्य संस्था वा निकाय तोक्न सक्ने व्यवस्था गर्न सक्नेछ ।

घरजग्गाको हकमा ऐन नियम अनुसार व्यवसायिक रुपमा कारोबार गर्ने निकाय, कम्पनी वा संस्थाको लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले सिफारिश गरे अनुसार नेपाल सरकार, अर्थ मन्त्रालयबाट निर्णय गरी जग्गा तथा घरजग्गा खरिद गर्दा स्रोत खुलाउन नपर्ने निर्णय गर्न सक्नेछ ।

### विवरण पठाउनुपर्ने

जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा खरिद रकमको आयस्रोत खुलाउने विवरणको ढाँचा यसै साथ संलग्न छ । मालपोत कार्यालय तथा यातायात व्यवस्था कार्यालयले उक्त सक्कलै विवरण महिना समाप्त भएको ७ (सात) दिन भित्र हुलाक मार्फत आन्तरिक राजस्व विभागमा पठाईसक्नु पर्नेछ । साथै ती कार्यालयहरुले सो सम्बन्धी विवरण (संलग्न ढाँचा बमोजिम) आ-आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

### आन्तरिक राजस्व विभागको कार्य

यातायात व्यवस्था कार्यालय तथा मालपोत कार्यालयहरुबाट प्राप्त हुन आएको विवरणहरु संकलन गरी, प्राप्त हुन आएको विवरण उपर सहज माध्यम अपनाई परीक्षण गरी, सोको परिणाम समेत हरेक महिनाको १५ गते भित्र अर्थ मन्त्रालय, राजस्व महाशाखामा पठाउनु पर्नेछ । साथै यस सम्बन्धी कुनै द्विविधा परेमा अर्थ मन्त्रालयमा निर्णयको लागि पेश गर्ने ।

उल्लेखित व्यवस्था कार्यान्वयन गर्ने गराउने विषयमा सम्पूर्ण सरकारी निकाय, संघसंस्था, व्यवसायिक निकाय तथा सर्वसाधारणबाट सहयोगको अपेक्षा गरिएको छ ।

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय ....................

## जग्गा/घरजग्गा खरिद गर्दा आयस्रोत खुलाएको विवरण

(सम्बन्धित कार्यालयको प्रयोजनको लागि)

| सि.नं. | जग्गा/घरजग्गा बिक्रेताको नाम ठेगाना | जग्गा/घरजग्गा खरिदकर्ताको नाम ठेगाना | जग्गा/घरजग्गाको विवरण (रजिष्ट्रेशन पारित गर्दाको रजिष्ट्रेशन नं. समेत) | खरिद मूल्य | घोषित आयस्रोत | दर्ता नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन बिभाग
मालपोत कार्यालय ...................

## ~~पच्चीस~~ तीस लाख रुपैयाँ भन्दा बढी मूल्यको जग्गा खरिद गर्दाको आयस्रोत घोषणा फाराम

खरिदकर्ताको नाम थर :

ठेगाना :

| खरिद भएको जग्गाको विवरण | बिक्रेताको नाम ठेगाना | जग्गाको मूल्य (मालपोत कार्यालयमा रजिष्ट्रेशन पारित गर्दाको रजिष्ट्रेशन दर्ता नं.) | जग्गा खरिद गर्दाको आयस्रोत |
|---|---|---|---|
| | | | |

उपरोक्त ब्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छ ।

आयस्रोत घोषणा गर्नेको नाम :

सही :

मिति :

८८

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

भूमिसुधार तथा व्यवस्थापन विभाग

## मालपोत कार्यालय ....................

# पचास लाख रुपैयाँ भन्दा बढी मूल्यको घरजग्गा खरिद गर्नेले आयस्रोत खुलाएको विवरण

खरिदकर्ताको नाम :

ठेगाना :

| सि.नं. | घरजग्गा बिक्रेताको नाम ठेगाना | घरजग्गाको स्थान (कित्ता नं., क्षेत्रफल) | खरिद मूल्य रु. | घोषणा गरेको आयस्रोत | मालपोत कार्यालयमा रजिष्ट्रेशन पारित गर्दाको रजिष्ट्रेशन नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

उपरोक्त ब्यहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मन्जुर छ।

आयस्रोत घोषणा गर्नेको नाम :

सही :